मकालु गाउँपालिका
MAKALU RURAL MUNICIPALITY
गाउँ कार्यपालिकाको कार्यालय
Office of Rural Municipal Executive

नुम, सङ्खुवासभा
Num, Sankhuwasabha
१ नं. प्रदेश, नेपाल
Province No. 1, Nepal

पत्र संख्या: २०७९/२०८०
Ref. No.:
चलानी नं:
Dispatch No.:

## मृगौला प्रत्यारोपण गरेको , डाईलासिस गराईरहेका, उपचारमा रहेका क्यान्सर रोगी र मेरुदण्ड पक्षघात भएका विरामीलाई औषधी उपचार बापत खर्च उपलब्ध गराउनका लागि निवेदन आह्वान गरिएको सुचना ।

नेपाल सरकारको मृगौला प्रत्यारोपण गरेको , डाईलासिस गराईरहेका, उपचारमा रहेका क्यान्सर रोगी र मेरुदण्ड पक्षघात भएका विरामीलाई औषधी उपचार लामो समयसम्म गर्नुपर्ने र खर्चिलो हुने हुदाँ बिरामीलाई हुन जाने आर्थिक भार कम गर्न औषधी उपचार बापतको खर्च उपलब्ध गराउने नीति अनुसार जनस्वास्थ्य सेवा ऐन २०७५ को दफा ६४ ले दिएको अधिकार प्रयोग गरी मन्त्रालयबाट जारी गरिएको " **मृगौला प्रत्यारोपण गरेको , डाईलासिस गराईरहेका, उपचारमा रहेका क्यान्सर रोगी र मेरुदण्ड पक्षघात भएका विरामीलाई औषधी उपचार बापत खर्च उपलब्ध गराउने सम्बन्धी कार्यविधि २०७८ "** कार्यन्वयन गर्न मिति २०७९।०५।१४ गतेमा भएको निर्णय अनुसार मकालु गाउँपालिकामा स्थायी बसोबास गर्ने मृगौला प्रत्यारोपण गरेको , डाईलासिस गराईरहेका, उपचारमा रहेका क्यान्सर रोगी र मेरुदण्ड पक्षघात भएका तर नेपाल सरकारबाट कुनै प्रकारको सेवा सुविधा तथा सामाजिक सुरक्षा भत्ता नलिएका बिरामीले नाम दर्ता गर्न तपसिल बमोजिमको कागजात सहित आ-आफ्नो वडा कार्यालयमा निवेदन दिनुहुन यो सुचना प्रकाशित गरिएको छ । थप जानकारीको लागि सम्पर्क नं. ९८४३१२१४२५ ।

तपसिलः

**आवश्यक कागजातहरुः**

१. नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि/ नाबालकको हकमा जन्म दर्ता प्रमाण पत्रको प्रतिलिपि ।
२. अन्यत्रबाट बसाई सरी आएको हकमा बसाईसराई प्रमाणपत्रको प्रतिलिपि ।
३. चिकित्सकबाट प्रमाणित गरिएको कार्यविधिमा रहेको अनुसुचि १ बमोजिमको फाराम ।
४. अनुसुचि १ फाराम प्रमाणित गर्न उपचार भईरहेको अस्पतालको चिकित्सकबाट प्रमाणित गरिएका अन्य कागजातहरु ।
५. अनुसुचि २ अनुसार ढाचाँको निवेदन ।
६. मेरुदण्ड पक्षघात भएका व्यक्तिहरुका हकमा अपाङ्गता परिचय पत्रको ( रातो र निलो ) प्रतिलिपि ।
७. सम्बन्धित व्यक्तिको सिद्वार्थ बैंकको बैंक खाता नं. ............................अनिवार्य ।

२०७९।०५।२९
..............................
इन्द्र बहादुर दर्जी
प्रमुख प्रशासकीय अधिकृत